**प्रस्तावः (मिति २०७६/१२/१४, शुक्रबार, ७८ औं कार्यपालिका बैठक )**

१. कोरोना भाइरस प्रतिकार्य योजना सम्वन्धमा

२. समवेदना सम्वन्धमा

**निर्णय नं.१**

**१.१.** हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (COVID १९) को संक्रमण रोकथामको लागि अति आवश्यक काम बाहेक अन्य अवस्थामा घर बाहिर ननिस्कने गरी लकडाउनको सूचना जारी भए पश्चात उत्पन्न असहज परिस्थितिमा परेका सर्वसाधारणको सहयोग र सहजीकरणका लागि प्रत्येक वडाका वडा अध्यक्ष संयोजक रहेको वडास्तरीय विपद व्यवस्थापन समितिले वडास्तरीय जोखिम न्यूनीकरण तथा प्रतिकार्य समितिको रुपमा समेत काम गर्ने ।

**१.२** माथि १.१ बमोजिमको समितिले भारत लगायत अन्य देशबाट विशेष गरी २०७६ चैत्र १ गते देखि नेपाल प्रवेश गरेका व्यक्तिहरुको नाम, ठेगाना, आएको मध्यम, परिवार संख्या, हालको अवस्था लगायत तपशिल बमोजिमको नमुनामा लगत सङ्कलन गरी नगर प्रमुख/नगरस्तरीय विपद व्यवस्थापन समिति समक्ष नियमित प्रतिवेदन गर्ने र लगत सङ्कलनका लागि टोल विकास संस्थाहरुलाई परिचालन गर्ने ।

| सि. नं. | आउने व्यक्तिको नाम थर | ठेगाना (वडा नं. र टोल अनिवार्य) | आएको मिति | आएको देश र प्रयोग गरेको सवारी साधन | अहिलेको स्वास्थ्य अवस्था खोकी, ज्वरो आएको/ नआएको | परिवार संख्या | हाल सम्म भेट गरेका व्यक्ति संख्या | घरमा छुट्टै बसे/ नबसेको | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**१.३** अति आवश्यक काम बाहेक बाहिर ननिस्कन एवं लकडाउनको अवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्न नगरबासी सबैलाई जानकारी गराउन प्रत्येक वडा कार्यालयले आ-आफ्नो क्षेत्र भित्र माइकिंग गर्ने।

१.४ वडा नं. ३ कुइरेपानीमा रहेको प्रेरणाका लागि अभियान नेपाल (मानसिक रोगी पुनर्स्थापना केन्द्र ) को भवन र परिसरमा  कम्तिमा १०० शैयाको क्वारेन्टाइन /आइसोलेसन केन्द्र स्थापना गर्ने। पूर्वाधार निर्माणका लागि प्रदेश सरकार, स्थानीय प्रशासन, सुरक्षा निकायलाई समेत अनुरोध गर्ने।थप क्वारेन्टाइन/ आइसोलेसन स्थापनाका लागि परिवार नियोजन संघ दाङ, शाखालाई अनुरोध गर्ने। सम्भावित स्थलका रुपमा होटेल तथा निजि अस्पताल समेत रहको हुँदा होटल व्यवसायी एवं निजि अस्पतालसंग छलफल र परामर्श अगाडी बढाउने।

१.५ लकडाउनको कारण असहज परिस्थितिमा परेका सर्वसाधारणलाई खाद्यान्न लगायत अत्यावश्यक सामग्री वितरण गर्न एकद्वार प्रणाली लागु गर्ने ।  यसका लागि नगर प्रमुखज्यु संयोजक रहेको नगरस्तरीय विपद व्यवस्थापन समितिले उच्च स्तरीय संयन्त्रको रुपमा कार्य गर्ने ।नगरस्तरीय विपद व्यवस्थापन समितिमा समावेश नभएका त्रिभुवननगर जेसिस, थारु कल्याणकारीणी सभा दाङ, नेपाल मगर संघ लगायत यस कार्यमा क्रियाशील संघ संस्थालाई समेत यस संयन्त्रमा समावेश गर्ने ।वडा स्तरीय विपद व्यवस्थापन  समिति (जोखिम न्यूनीकरण तथा प्रतिकार्य समिति) ले तयार गरेको लगतको आधारमा सहायता सामाग्री केन्द्रमा नै वितरण गर्ने व्यवस्था मिलाउने । सहायता सामग्री सहयोग गर्न चाहने गैरसरकारी संघ संस्थाहरुले यसै संयन्त्र मार्फत सहयोग गर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने ।

१.६ दाङको बेलाझुण्डीमा रहेको कोरोना विशेष अस्पताललाई विरामीहरुको खाद्यान्न लगायत सामाग्री खरिद गर्न रु १००००० (अक्षरुपि एक लाख ) सहयोग रकम उपलब्ध गराउने ।

१.७ घोराही  उपमहानगरपालिका भित्र संचालित स्वास्थ्य चौकी र स्वास्थ्य क्लिनिक मध्य स्वास्थ्य क्लिनिकबाट दिइने सेवा हाल बन्द गर्ने । त्यसबाट बचत हुने जनशक्ति कोरोना भाइरस उपचार केन्द्र क्वारेन्टाइन / आइसोलेसन वार्डमा खटाउने।

१.८ कोरोना भाइरस उपचारका लागि क्वारेन्टाइन / आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीको थप सुबिधा केन्द्र सरकारले निर्धारण गरे बमोजिम गर्ने । यस जोखिम संग काम गर्नुपर्ने वातावरण तथा सरसफाईका कर्मचारी, नगर प्रहरी, दमकल कर्मचारी, सुरक्षा गार्डलाई हाल प्राप्त गरेको सुबिधामा थप ५०% सुबिधा दिने।

१.९ स्वास्थ्य चौकी नारायणपुरमा रहेको एम्बुलेन्स मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने र बजारमा खाद्यान्न लगायत दैनिक उपभोग्य सामाग्रीको कृत्रिम अभाव हुन नदिन बजार अनुगमनलाई थप प्रभावकारी बनाउने।

**१.१०** विश्वभर महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस विरुद्धको प्रतिकार्य योजनामा सहयोग पुर्याउन नगर प्रमुखज्युको संयोजकत्वमा देहायबमोजिम सदस्य रहने गरी शुरुमा रु १०००००० (अक्षरुपि दस लाख) रहने गरी कोरोना प्रतिकार्य कोष स्थापना गर्ने । यस कार्यमा सहयोग गर्न चाहने सबै सहयोगी / साझेदार संस्थाहरुलाई यसै कोष मार्फत सहयोग गर्न अनुरोध गर्ने ।

तपशिलः

१. नगर प्रमुख : संयोजक
२. उप प्रमुख : सदस्य
३. सामाजिक विकास समिति संयोजक : सदस्य
४. पूर्वाधार विकास समिति संयोजक : सदस्य
५. सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक : सदस्य
६. वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक : सदस्य
७. आर्थिक विकास समिति संयोजक : सदस्य
८. विधायन समिति संयोजक : सदस्य
९. प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिब

**१.११** कोरोना संक्रमणको यस जटिल परिस्थितिमा पटक पटक बैठक बसी निर्णय गर्न सम्भव नभएकोले विषम परिस्थितिलाई मध्यनजर गर्दै स्थिति सामान्य नभए सम्मका लागि यस सम्वन्धमा आगामी दिनमा कुनै निर्णय गर्नु परेमा निर्णयाधिकार नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतमा रहने गरी अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. २ :**

**२.१** घोराही उपमहानगरपालिकाका सिनियर डिभिजन इन्जिनियर श्री युवराज पौडेलज्युका पिता श्री हरिप्रसाद पौडेलज्यु को ८४ बर्षको उमेरमा यही मिति २०७६।१२।१० गतेका दिन असामयिक स्वर्गारोहण भएको खबरले घोराही उपमहानगर परिवारलाई अत्यन्त दुखी तुल्याएको छ । यस दुःखद घडीमा स्वर्गवासी आत्माको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक संवेदनाका साथ शोक प्रस्ताव पारित गर्ने ।

**२.२** घोराही उपमहानगरपालिकाका शाखा अधिकृत श्री बाबुराम पन्थीका हजुरबुवा श्री टेक नारायण पन्थीज्युको ८९ वर्षको उमेरमा यही मिति २०७६/१२/०७ गतेका दिन आसामयिक स्वर्गारोहण भएको खबरले घोराही उपमहानगर परिवारलाई अत्यन्त दुखी तुल्याएको छ । यस दुःखद घडीमा स्वर्गवासी आत्माको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक संवेदनाका साथ शोक प्रस्ताव पारित गर्ने ।